स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'कोशेढुङ्गा' आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले फिल्मको एक पोस्टर फस्टलुक्समा सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो । पोस्टरमा फिल्मको मुख्य कलाकार सुरक्षा पन्त फिचर्ड छिन् । सुरक्षालाई ओढ्ने ओडेर पछि फर्किएर हेरिरहेको अवस्थामा पोस्टरमा देख्न सकिन्छ । उनको लुक्सले उनी नवविवाहित जस्तो देखिन्छ ।

आजको विचार...



के हो.... (दुई पेजमा)

डा. होमनाथ गैरे

सिमोस सुनुवार निर्देशित फिल्म 'जन्ते बाङ्गो'को दोस्रो गीत 'अङ्गुर को झुप्पो'सार्वजनिक भएको छ । गीतमा महेश काफ्लेको शब्द तथा संगीत, रिकेश गुरुङको एरेञ्ज छ । गायनमा महेशलाई अस्मिता अधिकारीले साथ दिएकी छन् । शुक्रबार युट्युबमा सार्वजनिक गीतको भिडियोमा कलाकार आसिफ शाह र गरिमा शर्मा फिचर्ड छन् । भिडियोमा आसिफले गीतमार्फत रिसाएकी गरिमालाई फकाउँदै गरेको देखिन्छ ।



❒ वर्ष ३० ❒ अंक २७१ ❒ २०८२ वैशाख १४ गते आइतबार 27 April 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# लुम्बिनीमा अन्तर्राष्ट्रिय सांस्कृतिक फेस्टिभल

## ४० देशका प्रतिनिधिहरु लुम्बिनीमा

**हाम्रा संवाददाता**

**रुपन्देही,** वैशाख १३/बुद्ध जन्मस्थल लुम्बिनीमा पहिलोपटक अन्तर्राष्ट्रिय सांस्कृतिक फेस्टिभल भएको छ । नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्ध विस्तारका लागि चौथो सांस्कृतिक फेस्टिबल र सेमिनार लुम्बिनीमा आयोजना गरिएको हो ।

यसअघि एसियाका अन्य मुलुकमा आयोजना हुने गरेको थियो । यस पटक भने लुम्बिनीमा स्थानीय सारीपुत्र फाउन्डेसनको समन्वय, चीनको वर्ल्ड एलायन्स फर बुद्धिष्ट कल्चरल एक्सचेन्ज लिमिटेड, वीचो पिस क्यालिग्राफी एण्ड पेन्टिङ एकेडेमी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लुम्बिनी विकास कोषको सहकार्यमा सांस्कृतिक फेस्टिभल भएको हो । सेमिनारको आयोजक भने लुम्बिनी बौद्ध विश्वविद्यालय रहेको छ । वैशाख १३ र १४ गते हुने कार्यक्रमको प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार उद्घाटन गरेका छन् । महोत्सवको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले विश्वमा अशान्ति बढिरहेका बेला बुद्ध दर्शन र शिक्षाको उपादेयता थप वृद्धि भएको बताए । अहिले विश्वमा बढ्दै गएको




द्वन्द्व र हिंसालाई हतियारले होइन बुद्ध दर्शनले मात्रै रोक्न सक्ने उनको भनाइ छ । विश्वमा जल, थल र वायुबाट समेत आक्रमण गर्न सक्ने खतरनाक हतियार निर्माण भइरहेको बताउँदै त्यसलाई रोक्न शान्ति, करुणा र मानवताको उपदेशले मात्रै सम्भव हुने प्रधानमन्त्री ओलीले बताए । उनले बुद्धले आफ्नो निजी सुखसयल छाडेर मानव कल्याणका लागि दरबार छाडेको बताउँदै बुद्धको जीवनबाट मानव जातिले धेरै कुरा सिक्नुपर्ने बताए । बुद्ध शिक्षा र विचार, शान्ति करुणा र मैत्रीभावलाई जीवित राख्न ठूलो संघर्ष भएको इतिहास सम्झाउँदै अब बुद्धको विचार अनुसारलाई विश्व शान्ति कायम गर्न सकिने बताए । महोत्सवमा भिक्षु, भिक्षुणी, लामा, उपासक उपासिका एवं बौद्धमार्गीहरुको सहभागिता रहेको छ । उद्घाटन समारोहका अवसरमा हिमाली क्षेत्रमा प्रख्यात स्याब्रु, योल्मो नृत्यसहित विभिन्न सांस्कृतिक कार्यक्रम समेत देखाइएको थियो । फेस्टिभलमा ४० देशका प्रतिनिधिहरु सहभागी छन् । यसअघि पहिलो, दोस्रो र तेस्रो सांस्कृतिक फेस्टिवल कम्बोडिया, श्रीलंका र थाइल्याण्डमा सम्पन्न भइसकेका छन् । लुम्बिनीको पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने योजनासहित यो पटक लुम्बिनीमा फेष्टिबल आयोजना गरिएको जनाइएको छ । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य लगायतका विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको छ । लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्यारक्याल लामाको अध्यक्षतामा उद्घाटन कार्यक्रम भएको थियो ।

## सक्षिप्त समाचार

### बम विस्फोटमा एकको मृत्यु

(रासस/एपी)

**मस्को,** वैशाख १३/शनिबार एक कार बम विस्फोटमा एक वरिष्ठ रूसी सैन्य अधिकारी मारिएको रुसको शीर्ष आपराधिक अनुसन्धान एजेन्सीले बताएको छ । रूसी सशस्त्र बलको जनरल स्टाफमा मुख्य परिचालन विभागका उपप्रमुख लेफ्टिनेन्ट जनरल यारोस्लाभ मोस्कालिकको मस्को बाहिर बालाशिखामा उनको कारमा राखिएको विस्फोटक उपकरणद्वारा हत्या गरिएको अनुसन्धान समितिले जनाएको छ । समितिका प्रवक्ता स्वेतलाना पेत्रेन्कोले विस्फोटक उपकरणमा छर्राको गोली लागेको बताए । उनले अनुसन्धानकर्ताहरू घटनास्थलमा रहेको जानकारी दिए । रुसी सञ्चारमाध्यमले एक अपार्टमेन्ट भवनको आँगनमा जलिरहेको सवारी साधनको भिडियोहरू प्रसारण गरेका छन् । समितिले सम्भावित संदिग्धहरूको उल्लेख गरेको छैन । यो आक्रमण लेफ्टिनेन्ट जनरल इगोर किरिलोभको हत्यापछि भएको हो । डिसेम्बर १७ मा उनको अपार्टमेन्ट भवन बाहिर पार्क गरिएको विद्युतीय स्कुटरमा लुकाइएको बम विस्फोट हुँदा मृत्यु भएको थियो । रुसी अधिकारीहरूले किरिलोभको हत्याका लागि युक्रेनलाई दोष दिएका थिए ।

# गुल्मीमा आगलागीबाट एक बालकको मृत्यु



**तम्घास(गुल्मी),** वैशाख १३/ जिल्लाको धुर्कोट गाउँपालिका-१ मा भएको आगलागीमा परी चार वर्षीय बालकको मृत्यु भएको छ । धुर्कोट-१ आखरख्ख निवासी गणेश नेपालीको गोठमा आगलागी हुँदा उनका चार वर्षीय छोरा विवेक नेपालीको मृत्यु भएको हो ।

बालबालिका खेल्ने क्रममा आगलागी भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । "आगलागीपछि मृतककी दिदी गुहार माग्ने क्रममा भाइ गोठमा लुकेर बसेका रहेछन् । बालक गोठभित्र रहेको जानकारी नपाउँदा निजको मृत्यु भयो", धुर्कोट-१ का वडाध्यक्ष चेतमान कुँवरले भने । आगलागीबाट ढुङ्गा, माटोले बनेको दुईतले गोठ जलेर पूर्ण रूपमा नष्ट भएको प्रहरीले जनाएको छ । -रासस

# तानसेनका महिला जनप्रतिनिधीलाई बजेट निर्माणका विषयमा प्रशिक्षण

**कृष्ण पोखरेल**

**पाल्पा,** वैशाख १३/जिल्लाको तानसेन नगरपालिका भित्रका महिला जनप्रतिनिधिहरुका लागि बजेट निर्माण सम्बन्धी प्रशिक्षण दिइएको छ । द एसिया फाउण्डेसनले स्थानीय सरकार सवलीकरण कार्यक्रम अन्तर्गत यहाँका महिला जनप्रतिनिधीहरुलाई योजना संकलन, प्राथमिकरण र वार्षिक योजना निर्माणमा प्रशिक्षण दिएको हो ।



नगरका महिला कार्यपालिका सदस्य, वडा महिला सदस्य, दलित महिला सदस्यहरुले आगामी वर्षको बजेट निर्माणका विषयमा जानकारी लिएका छन् । नगरपालिकाले गत वर्षको बजेट सिलिङको आधारमा टोल बस्ती, वडा वडा बाट योजना संकलन शुरु गरेको छ । योजना संकलनको पूर्व सन्ध्यामा नगरपालिका भित्रका महिला जनप्रतिनिधीहरुले योजना संकलन, योजनाहरुको प्राथमिकिरण, वार्षिक योजना निर्माण, मध्यकालीन खर्च योजना र आवधिक योजना तथा गुरु योजनाको विषयमा प्रशिक्षण लिएका हुन् । तानसेन नगरपालिकाको समन्वयमा, दलित महिला केन्द्र नेपालको प्राविधिक सहयोगमा द एसिया फाउण्डेसनले तानसेनका महिला जनप्रतिनिधीहरुलाई स्थानीय सरकार सञ्चालनका विषयमा क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरपालिकामा निर्वाचित महिलाहरुको मागमा आधारित रहेर, महिलाहरुको नेतृत्व विकास, योजना तर्जुमा, वडा महिला सदस्यहरुको काम कर्तव्य, अधिकार, भुमिका, दायित्व, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बारेमा अभिमुखीकरण गर्दै आएको द एसिया फाउण्डेसन स्थानीय सरसकार सवलीकरण कार्यक्रमका प्रदेश संयोजक चुरामणी पोखरेलले बताए । कार्यक्रममा तानसेन नगरपालिकाका बरिष्ठ कार्यक्रम अधिकृत भरत प्रसाद आचार्यले जनप्रतिनिधीहरुको मागको आधारमा पालिकाले महिला, अपाङ्ग, सिमान्तकृत, समावेशीकरणलाई प्राथमिकतामा बजेट निर्माणको लागि प्रशिक्षण कार्यक्रम प्रभावकारी हुने बताए । कार्यक्रममा प्रशिक्षक सविता परियारले महिला जनप्रतिनिधीहरुलाई महिला, अपाङ्ग, सिमान्तकृत, समावेशीकरणलाई प्राथमिकतामा राखेर बजेट निर्माणका आधारहरुको बारेमा प्रशिक्षित गरेकी हुन् । हरेक योजना समावेशी, अपाङ्ग तथा महिलामैत्री भएमात्र विकास निर्माणमा समान सहभागिता तथा समान प्रतिनिधित्व हुने कार्यक्रममा जोड दियो । कार्यक्रममा प्रशिक्षक परियारले टोल बस्ती आउने योजना छनौट, आएका योजनाहरुको प्राथमिकरण, देखी गुरु योजनासम्मका चरणका प्रक्रिया, अवस्थाको बारेमा जानकारी गराएकी थिइन ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## मातातीर्थ औँसीले दिने प्रेरणा

मातातीर्थ औँसी एक किसिमको चाड हो । यो पर्व हरेक वर्ष वैशाख शुक्लपक्षको औँसी तिथिमा मनाइन्छ । यस वर्ष यो पर्व आज परेको छ । यस दिनलाई मातृ औँसी पनि भनिन्छ । व्यवहारमा भने आमाको मुख हेर्ने दिनको नामले यो पर्व बढी परिचित छ । यस दिन आफ्नो जन्म दिने आमालाई सम्मान गर्ने, माया–ममता दर्शाउने तथा स्मरण गर्ने गरिन्छ । यस पर्वमा आमालाई मीठो खाना र राम्रो नाना दिएर सम्मान गर्ने गरिन्छ ।

वास्तवमा सन्तानका लागि आमा माया, ममता, करुणा र स्नेहकी प्रतिमूर्ति हुन् । आमाले अनेक दुःख कष्ट बेहोर्दै नौ महिना शिशुलाई गर्भमा राखेर माया, ममता र संस्कारले सिँचन गर्छिन्, कठोर प्रसवपीडा सहेर सन्तानलाई जन्म दिन्छिन्, आफूले खाइनखाई सन्तानको पालनपोषण गर्छिन्, आफ्नो ज्यानको पर्वाह नगरी सन्तानको सुरक्षा गर्छिन् । यही कारण आमाको यति महत्व भएको हो । आजको दिन श्रद्धा, भक्ति, सम्मान र आदर गरिएकी आमालाई मनपर्ने खानेकुरा तथा उपहार दिई छोराछोरीहरूले आमाबाट शुभ आर्शिवाद ग्रहण गर्ने चलन छ । आमाबाट टाढा रहेका सन्तानहरू आमालाई भेट्न पुग्ने गर्छन् भने विभिन्न कारणले आमालाई भेट्न नपाएकाहरूले सञ्चारका साधनहरूमार्फत सम्झिने गर्छन् । आमा नभएकाहरूले पनि आमाको आत्माको शान्तिको कामना गर्दै श्राद्ध–तर्पण गरी मातृत्वको स्मरण गर्ने गर्छन् । यसको अर्थ वर्षको एक दिन मात्र आमाको सम्झना गर्ने र अघिपछि जे गरे पनि हुन्छ भन्ने होइन । वर्षैभरि यसैगरी आमाको सम्मान र सम्झना गर्नुपर्छ भन्ने सन्देश दिनका लागि यस्तो पर्वको चलन चलेको हो । धार्मिक ग्रन्थहरूमा आमालाई देवतासरह मान्नुपर्छ भनिएको छ । त्यो भनेको पनि आमालाई पनि देवतालाई जस्तै भ्याएको बेला फूल अक्षता चढाउने भन्ने होइन । हरेक दिन आमालाई मन पर्ने काम गरेर खुसी राख्नुपर्छ भन्ने हो । यसर्थ यो पर्वले सबैलाई यस्तै गर्न प्रेरणा दिने गरेको छ ।

### Opinion @ Social Network

मुल्यको के कुरा गर्छौ
मेरा लागी हिरा भन्दा पनि अमुल्य छिन् मेरी आमा ।
*(मनिषा आलेको फेसबुक स्टाटस https://www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के हो नेपाली अर्थतन्त्रको प्रमुख कमजोरी ?



**डा. होमनाथ गैरे**

यही चैत ११ गते विश्व बैंकले प्रकाशित गरेको एक प्रतिवेदनमा विगत दुई दशकमा नेपालले चरम गरिबी लगभग निवारण गरेर गरिबी न्यूनीकरणमा उल्लेखनीय सफलता हासिल गरेको उल्लेख छद्र उक्त सफलतामा आन्तरिक उत्पादन, उत्पादकत्व र रोजगारीभन्दा पनि विदेशमा काम गर्ने नागरिकले पठाएको विप्रेषण (रेमिटेन्स) को ठूलो भूमिका रहेको विश्व बैंकको ठहर छद्र प्रतिवेदनमा सुदृढ आर्थिक वृद्धि हासिल गर्न नेपालले आन्तरिक अवसरहरू खुला गर्ने नीतिगत कदममा प्राथमिकता दिनुपर्ने सुझाब दिइएको छद्र केही दशक अघिसम्म समान हैसियतमा रहेका छिमेकी मुलुकसँगको तुलनामा गरिबी निवारणमा प्रगतिका बाबजुद नेपालको आर्थिक वृद्धि न्यून रहेको कुरा पनि विश्व बैंकले उठाएको छद्र सन् १९९६ देखि सन् २०२३ को अवधिमा नेपालको अर्थतन्त्र वार्षिक औसत ४.२ प्रतिशतले मात्र वृद्धि भयो। यो वृद्धि दक्षिण एसियाका आठ वटा राष्ट्रमध्ये पछाडिबाट तेस्रोमा पर्छद्र यसअघिका अन्य प्रतिवेदनहरूमा जस्तै यसपालि पनि न्यून आर्थिक वृद्धिको कारक निर्यातमा गिरावट, औद्योगिक क्षेत्रको गतिहीनता, न्यून उत्पादकत्व र गैरकृषि क्षेत्रमा रोजगारी गिरावट मानिएको छद्र लेखिएको छ - आन्तरिक रोजगारीको अवसर सीमित हुँदा युवा श्रमिकहरू वैदेशिक रोजगारीमा जान बाध्य छन्द्र वैदेशिक रोजगारीका कारणले गरिबी न्यूनीकरणमा नेपालको सफलता राम्रो भए पनि मुलुकमा व्याप्त आर्थिक सम्भावना सन्तुलित रूपमा उपयोग हुन सकेको छैनद्र यो सबैले स्वीकार गरेकै तथ्य होद्र यसैलाई आधार मानेर विश्व बैंकले प्रतिवेदनमा उच्च आर्थिक वृद्धि हासिल गर्न आप्रवासनको प्रतिफल वृद्धि गर्ने, निर्यात बढाउने, जलविद्युतको कुशलतापूर्ण उपयोग गर्ने र डिजिटल अर्थतन्त्र प्रवर्द्धन गर्ने जस्ता सुझाब दिएको छद्र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायत विकास साझेदार र विकासे संस्थाहरूको सुझाब र सहयोगमा धेरै क्षेत्रहरूको सुधारका लागि अर्बौं डलरका परियोजना र रणनीतिहरू कार्यान्वयन भएका छन् । कतिपयमा नतिजा राम्रै आए पनि केहीको लगानी बालुवामा पानी जस्तै भएको छ । नेपाली अर्थतन्त्रको प्रमुख कमजोरी वा न्यून आर्थिक वृद्धिको खास कारक छ । त्यो हो अर्थतन्त्रका विभिन्न क्षेत्र तथा उपक्षेत्र, अवयवहरू वा आर्थिक सरोकारवाला ( इकोनोमिक एजेन्ट) हरूलाई सूत्रबद्ध गर्ने माखेसाङ्लो । यो कारक यस्ता अध्ययन प्रतिवेदन वा नीतिगत बहसको प्राथमिकतामा पर्ने गरेको छैन । त्यस्तो माखेसाङ्लो भनेको अर्थशास्त्रमा आपूर्ति शृंखला र मूल्य शृंखला हो । नेपालको सन्दर्भमा त्यस्तो माखेसाङ्लो अत्यन्तै कमजोर, अविश्वसनीय र संकटापन्न छ। यस कारण आन्तरिक आर्थिक सम्भाव्यता यथोचित रूपमा परिचालन हुन सकेको छैन । परिणाम स्वरूप वाञ्छित दरमा आर्थिक वृद्धि हासिल गर्न सकिएको छैन । गरिबी निवारण र समृद्धिको महत्त्वाकांक्षी लक्ष्य विप्रेषणमा निर्भर छ। यही कारणले हो समद्धिको दिगोपन र विकासको उत्थानशीलतामा प्रश्न उठ्ने गरेको । यसपालिको विश्व बैंकको प्रतिवेदनले औंल्याएको जोखिम पनि यही हो।

**किन यस्तो भएको छ त ?**

यो विषयले निकै गहन बहस माग गर्छ। यस आलेखमा मुख्य केही बुँदा प्रस्तुत गर्ने प्रयास गरेको छु । अधिकांश नीतिगत सुधार वा क्षेत्रगत विषयमा एकांकी रूपमा तत्तत् क्षेत्र हेरेर नीति तथा योजना तर्जुमा हुन्छ, सोही अनुरूप रणनीति र कार्यनीति तर्जुमा हुन्छ । परियोजना वा सुधारका कार्यक्रम पनि त्यसै अनुसार सञ्चालन हुने गरेको छ । दिगो आर्थिक वृद्धि र समृद्धिका लागि संवाहक वा आपूर्ति शृंखलाको सहयोगी अवयवका रूपमा विकास गर्नुपर्ने सडक लगायतका भौतिक पूर्वाधार नै विकासको अन्तिम उपलब्धि मानियो। मूल्य शृंखलाका अन्य महत्त्वपूर्ण अवयवहरू प्राथमिकतामा परेनन् । यसको सबभन्दा बलियो सूचक ग्रामीण क्षेत्रमा विकास हुँदै गएका चिल्ला सडक, रित्तिँदै गएका गाउँबस्ती र बाँझो बन्दै गएको उर्वर खेतीयोग्य जमिन हो । आर्थिक समृद्धि, नीतिगत सुधार र गरिबी निवारणका कार्यक्रम तथा योजनाहरू एकअर्काका परिपूरक भएर आन्तरिक अर्थतन्त्र र मूल्य शृंखला सबलीकरणका लागि बलियो प्रणाली तयार गर्न केन्द्रित हुनुपर्छ । नेपालमा भने कुनै एक क्षेत्र वा उद्योग अर्काको प्रतिस्थापक बन्ने गरी वा मूल्य शृंखलाका अवयवहरू नै ध्वस्त हुनेगरी अगाडि बढाउने गरिएको छ । यसबाट एउटा क्षेत्रमा सुधार वा विस्तार हुँदा राम्ररी फस्टाएको अर्को क्षेत्र वा उद्योग सखाप हुने अवस्था सिर्जना भयो । यस्तो अवस्था दिगो र समावेशी आर्थिक वृद्धिका लागि सबैभन्दा बढी प्रत्युत्पादक भयो। वैदेशिक रोजगारी र विप्रेषण फस्टाउँदा आन्तरिक उत्पादनको मेरूदण्डका रूपमा रहेको कृषि क्षेत्र धराशायी हुनु र उर्वर जमिन बाँझो हुँदै जानु यसको बलियो उदाहरण हो । वित्तीय क्षेत्र फस्टाउँदा उत्पादन तथा प्रशोधनमूलक औद्योगिक क्षेत्रमा मन्दी छाउनु वा जलविद्युतका आयोजनाहरू थपिँदै जाँदा पर्यटन क्षेत्रमा निराशा मडारिनु त्यस्तै अन्य उहाहरण हुन् । विभिन्न स्वार्थ समूहको प्रभावमा नीतिगत परिवर्तन हुनुले प्रचलित मूल्य शृंखलाहरूको प्रणाली भत्किँदै गयो । नयाँ व्यवस्था वा निर्णयले अपेक्षित प्रतिफल दिन सकेन । आन्तरिक अर्थतन्त्र सुदृढ हुन नसक्नुको कारण यही हो । सँगै जोडिएर आउने अर्को विषय हो सरकारी निर्णयको निरन्तरता भंग । एक दलको सरकारले वा उसले नियुक्त गरेको पदाधिकारीले गरेको निर्णय राम्रै भए पनि अर्को दलको सरकार वा उसको प्रतिनिधिले कार्यान्वयन गर्दैन । बरू उल्टाइदिन्छ । यस्तो प्रवृत्तिले आन्तरिक बजारमा लगानीको वातावरण बिगार्न र निजी क्षेत्रलाई राजनीतिक दल वा स्वार्थ केन्द्रमा आबद्ध भएर नीतिगत भ्रष्टाचारमार्फत क्षणिक लाभका लिन प्रेरित गर्छ। यसबाट बजार प्रणालीको मेरूदण्ड आपूर्ति तथा मूल्य शृंखला ध्वस्त हुन्छ । ठूला भौतिक पूर्वाधारको विकासले आपूर्ति शृंखला बलियो र उत्थानशील बनाएर मूल्य शृंखला विस्तार तथा सबलीकरणमा सकारात्मक प्रभाव पार्ने मान्यता छ। त्यस्ता पूर्वाधारको विकासले मूल्य शृंखलाका महत्त्वपूर्ण अवयवहरू (उत्पादन, प्रशोधन, वितरण, बजारीकरण र उपभोग) विभिन्न चरणमा वस्तु तथा सेवाको मूल्य अभिवृद्धि गर्न वा लागत कम गर्न सहयोगी हुन्छन् । योजना कार्यान्वयनका लागि तत्तत् स्थानको विशेषता अनुसार स्थानीय सरकारहरूबीच समन्वय गर्नुपर्छ, सहकार्य गर्नुपर्छ ।

**पूर्वाधार विकास :** गण्डकी प्रदेशका पहाडी र दुर्गम भेगमा यातायात तथा सञ्चार पूर्वाधारको अवस्था कमजोर छ । यसमा सुधार गर्न प्रदेश र स्थानीय सरकारले सडक, झोलुंगे पुल, हवाई सम्पर्क विस्तार, डिजिटल पूर्वाधार निर्माण लगायतमा प्राथमिकता दिनुपर्छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनले पर्यटन र यससँग जोडिएका स्थानीय मूल्य शृंखलाको प्रवर्द्धन गर्न सक्नेछ ।

**रोजगारी सिर्जना र उद्यम प्रवर्द्धन :** गण्डकी प्रदेशले दक्ष युवा जनशक्तिको अभाव झेलिरहेको छ। मर्यादित रोजगारी सिर्जना पनि चुनौतीका रूपमा छ । सीपमूलक तालिम कार्यक्रम, स्वरोजगारी योजना र महिला उद्यमशीलता प्रवर्द्धन गर्न स्थानीय सरकारका कार्यक्रमहरू थप प्रभावकारी र नतिजामूलक बनाउन आवश्यक छ । यसबाट कृषिमा आधारित उद्योग, हस्तकला, तथा पर्यटन व्यवसाय सूचना प्रविधिसँग आबद्ध गर्दै मर्यादित रोजगारी सिर्जना गर्न सकिन्छ । यसो हुन सके युवा जनशक्ति स्थानीय बजारमा आकर्षित हुन्छ, रोजगारीका लागि विदेश भासिनु पर्दैन ।

**सहकारी र निजी क्षेत्रसँग सहकार्य:** गण्डकी प्रदेशमा सहकारी संस्थाहरूको योगदान उच्च छ । स्थानीय सरकारले सहकारी संस्थाहरूसँग उत्पादन वृद्धि, बजारीकरण र वित्तीय पहुँच सुधारका मूल्ययुक्त जैविक कृषि उत्पादन प्रवर्द्धन गर्दै बजारीकरणका लागि सहजीकरण गर्नुपर्छ । पोखरा 'पर्यटन राजधानी' घोषणा भएको छ। प्रदेशका नौ जिल्लामा ग्रामीण पर्यटन, साहसिक पर्यटन, आरोग्य पर्यटन र सांस्कृतिक पर्यटन विस्तार र प्रवर्द्धन गर्नुपर्छ । सूचना प्रविधि र अनुसन्धान पर्यटन प्रवर्द्धन गर्न प्रदेश र स्थानीय सरकारले विशेष कार्यक्रम ल्याउनुपर्छ ।

**दिगो वातावरण र जलवायु अनुकूलन:** गण्डकी प्रदेशको प्राकृतिक सौन्दर्य पर्यटनका लागि अनुपम सम्पदा हो । अब जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित प्रविधिक प्रयोग र विस्तार गर्नुपर्छ । वृक्षारोपण गर्नुपर्छ । नवीकरणीय ऊर्जा तथा वृत्ताकार अर्थतन्त्र प्रवर्द्धनमा स्थानीय र प्रदेश सरकार सक्रिय रहनुपर्छ । प्रदेश सरकारले जलविद्युत र सौर्य ऊर्जा प्रवर्द्धनमा लगानी बढाउनुपर्छ । स्थानीय सरकारले हरित तथा वृत्ताकार अर्थतन्त्रमा ध्यान दिनुपर्छ ।

**दिगो वृद्धिको आधार समावेशी स्थानीय आर्थिक विकास:** नेपालको संघीय संरचनाले प्रदेश र स्थानीय तहका सरकारलाई अधिकार सम्पन्न र सशक्त बनाएको छ । संविधानले प्रदेश र स्थानीय तहमा आर्थिक तथा सामाजिक विकासका योजना बनाउँदा स्थानीय परिवेश र आमनागरिकको आवश्यकता अनुसार समायोजन गर्न सक्ने अधिकार दिएको छ । नेपालको विविधतायुक्त भूबनोटका कारण सबै प्रदेशका तुलनात्मक लाभका क्षेत्र सहजै पहिचान हुने खालका छन् । गण्डकी प्रदेशमा पर्यटन, कृषि, जलस्रोत र साना उद्योगहरूको प्रचुर सम्भावना छ । कोशी प्रदेशमा उत्पादनमूलक तथा कृषि प्रशोधन उद्योग, सेवा तथा पर्यटन उद्योग र जलस्रोतको व्यावसायिक सम्भावना छ । सबै प्रदेशका आआफ्ना बलिया सम्भावना छन् । प्रदेशमा विद्यमान सम्भावनाहरूको समुचित उपयोग गर्दै स्थानीय विकास दिगो बनाउन प्रदेश र स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ । भौतिक विकास र वातावरणको सन्तुलनबाट मात्र दिगो विकास सम्भव हुन्छ । यस दिशामा काम गर्न संविधानले प्रदेश र स्थानीय तहलाई अधिकार दिएको छ । अधिकारसँगै कर्तव्य र दायित्वको दायरामा बसेर आआफ्ना क्षेत्रमा विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । यसबाट स्थानीय आवश्यकता अनुसार विकास कार्यक्रम लागू गर्न, जनताको सहभागिता बढाउन र वर्तमान शासन व्यवस्थाप्रति जनविश्वास वृद्धि गर्न मद्दत पुग्छ । सुदृढ अर्थतन्त्र र दिगो वृद्धिका लागि संघीय शासन व्यवस्थाको सन्दर्भमा 'समावेशी स्थानीय आर्थिक विकास ( आइएलइडी)' को मोडल प्रदेश र स्थानीय सरकारमार्फत प्रवर्द्धन गर्न आवश्यक छ । स्थानीय स्रोत, सीप र अवसर परिचालन गर्दै प्रकृतिमा आधारित उपायहरू अवलम्बन गरी दिगो तथा समावेशी आर्थिक वृद्धि प्रवर्द्धन गर्ने प्रक्रिया नै 'समावेशी स्थानीय आर्थिक विकास' हो । यसले स्थानीय उत्पादन बढाउँछ, रोजगारी सिर्जना गर्छ, उद्यमशीलता सशक्त बनाउँछ र थप राजस्व परिचालनमा योगदान गर्छ । यो अवधारणामा स्थानीय सरकार, निजी क्षेत्र, सामुदायिक समूह र सहकारी संस्थाहरूको सहभागिता तथा अपनत्व आवश्यक हुन्छ । यो अवधारणा समावेशी विकास, नवप्रवर्तन र पर्यावरणीय दिगोपनमा केन्द्रित छ । नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई विभिन्न दायित्व दिएको छ। ती दायित्व केन्द्र, प्रदेश र स्थानीय तहबीचको शक्ति विभाजनको आधारमा तोकिएका छन् ।

**समावेशिताको सुनिश्चितता:** गण्डकी प्रदेशमा विभिन्न जातीय तथा सांस्कृतिक समुदायको बसोबास छ । समावेशी आर्थिक विकासले सबै समुदायको समान सहभागिता सुनिश्चित गर्नुपर्छ । महिला, दलित, जनजाति, तथा सीमान्तकृत समुदायमा लक्षित नीति तथा कार्यक्रम मार्फत आर्थिक गतिविधिमा उनीहरूको सहभागिता बढाउनुपर्छ ।

*-सेतोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धन खर्च बढ्नेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

## कृषि

# गुन्द्रुक : हेपिएको तरकारीको बढेको भाउ



गुन्द्रुक ! यो आफैंमा यस्तो स्वादिलो चिज हो, जुन सम्भवत: सारा नेपालीको भान्सामा पाक्ने गर्छ । गुन्द्रुक नपाक्ने नेपालीको भान्सा भेट्न सायद मुस्किल हुन्छ । पहिले-पहिले 'हेपिएको तरकारी' मा पर्ने गुन्द्रुकको पछिल्लो पटक निकै 'भाउ' बढेको छ । सामान्यतया हरिया सागसब्जी सुकाएर बनाइने गुन्द्रुक संसारको जुनसुकै कुनामा पुगेका नेपालीको भान्सामा स्वादको बहार ल्याइरहेको छ । विदेशमा रहेका आफन्त, नातागोतालाई कोसेली पठाउनु पर्‍यो ? सजिलो छ- गुन्द्रुक पठाउने । विगतमा खासै वास्ता नगरिने गुन्द्रुक अहिले साना पसलदेखि ठूला डिपार्टमेन्टल स्टोर र मार्टमा प्याकेजिङ र लेबल सहित बिक्री भइरहेका छन् । त्यसमाथि अनलाइन सपिङ प्लेटफर्ममा त दर्जनौं 'भेराइटी' का गुन्द्रुक अर्डर गर्न पाइन्छ । भाटभटेनी सुपरस्टोर, बिगमार्ट जस्ता ठूला सपिङ सेन्टरमात्र होइन, सहर र गल्लीचोकमा रहेका मध्यम खालका स्टोरहरूमा पनि गुन्द्रुक खोज्न आउनेको संख्याले पनि यसको स्वाद र मागले उपभोक्तालाई कतिविधि तानिरहेको छ भन्ने पुष्टि गर्छ । यसरी गुन्द्रुक किन्न आउनेहरू आफ्नै भान्सामा पकाएर खानेदेखि आफन्तलाई विदेश पठाउनका लागि लिन आउनेहरू हुन्छन् । गाउँघरतिर पहिले सित्तैमा पाइने गुन्द्रुक अहिले भने राम्रै पैसा तिरेर किन्नुपर्छ । पछिल्लो पटक गुन्द्रुकमा उपभोक्ता झुम्मिरहेका छन् । स्वदेशमा मात्र होइन, विदेश जाने र उतै भएका नेपालीको रोजाइमा पनि गुन्द्रुक परिरहेको छ । अहिले मेला महोत्सवमा पनि गुन्द्रुकको परिकार खुवाउनेदेखि ब्रान्डिङ गरी बेचेर आम्दानी गरिरहेको पाइन्छ । त्यतिमात्र होइन, पछिल्लो पटक त तारे होटल, रिसोर्ट, रेस्टुरेन्टका मेनुमा पनि गुन्द्रुकका परिकार हुने गरेको छ । गुन्द्रुक किलोकै १२ सय ५० नेपाली बजारमा अहिले गुन्द्रुकको भाउ प्रतिकिलो ७ सयदेखि १ हजार २ सय रुपैयाँसम्म पर्छ । देशकै सबैभन्दा ठूलो तरकारी बजार काठमाडौंको कालीमाटी फलफूल तथा तरकारी बजार र अर्को तरकारी बजार बल्खु तरकारी बजारमा गुन्द्रुक बढी बिक्री हुने गरेको छ । यहाँका व्यापारीले काभ्रे, धादिङ, नुवाकोट, इलाम, पोखरा लगायत ठाउँबाट ल्याएर गुन्द्रुक बेच्ने गरेका छन् । नयाँ बानेश्वरको एक मार्टमा अर्गानिक गुन्द्रुक भनेर लेबलिङ र ब्रान्डिङ गरेको प्याकेटमा गुन्द्रुक बेच्न राखिएको छ । मार्ट सञ्चालकका अनुसार उक्त गुन्द्रुक ललितपुरमा उत्पादन भएको हो । 'ललितपुरमा एक जना दिदीले आफैं साग उत्पादन गरेर गुन्द्रुक बनाउनुहुन्छ,' उनले भने, 'उहाँले बनाएको गुन्द्रुक मिठो पनि र सफा पनि छ । यो गुन्द्रुकका धेरै ग्राहक पनि हुनुहुन्छ ।' उनको मार्टमा तोरी, रायो र मुलाको सागको गुन्द्रुक पाइन्छ । तीमध्ये केहीको ब्रान्डिङ र लेबलिङ गरिएको छ भने केहीको सादा प्याकेटमा उपलब्ध छ । सागअनुसार गुन्द्रुकको मूल्य फरक-फरक छ । रायोको सागको गुन्द्रुक १ सय ग्रामको मूल्य ९५ रुपैयाँ तोकिएको छ । मुलाको सागको गुन्द्रुकको मूल्य २ सय ग्रामको २ सय २५ र तोरीको सागको गुन्द्रुकको मूल्य १ सय ग्रामलाई १ सय २५ रुपैयाँ छ । मार्ट सञ्चालकका अनुसार गुन्द्रुक अहिले प्रतिकिलो ६ सय रुपैयाँदेखि १ हजार २ सय ५० रुपैयाँसम्ममा किनबेच हुन्छ । 'गुन्द्रुकको कुनै सिजन हुँदैन, जहिले पनि जुन स्वादमा बनाएर खान मिल्ने भयो,' उनी भन्छन्, 'मैले नै महिनामा १०-१५ किलो गुन्द्रुक बेच्दै आएको छु ।' भएकी अनुषा शाही विदेशमा रहेकी आफ्नी दिदीलाई पठाउने भन्दै गुन्द्रुक किन्न आएकी थिइन् । उनले अस्ट्रेलिया बस्ने दिदीलाई पठाउने भन्दै ३ किलो गुन्द्रुक किनिन् । 'दिदीलाई गुन्द्रुक असाध्यै मन पर्ने, फोनमा जहिले पठाइदिन भनिरहनुहुन्छ,' उनले भनिन्, 'उहाँले सारै रहर गरेको भएर किनेर पठाउन नेपालका सबै स्थानमा हरेक घरमा गुन्द्रुक उत्पादन हुन्छ भन्दा पनि फरक नपर्ला । गुन्द्रुक बनाउने सबैका परम्परागत शैली छन् । गुन्द्रुक बनाउँदा रायो साग, मुलाको साग वा तोरीको सागलाई सुकाएर कुनै भाँडो अथवा खाल्डोमा खाँदेर अमिलो पारेर निकाल्ने र त्यसलाई सुकाएर भण्डारण गरेर राख्ने अनि वर्ष दिनसम्म खाने चलन छ । अहिले भने गुन्द्रुक उत्पादनमा पनि प्रविधि प्रयोग गर्न थालिएको छ । पोखराका गुन्द्रुक व्यवासायी आचार्यले पनि ठूलो परिमाणमा गुन्द्रुक उत्पादन गर्ने भएपछि त्यसको उपयोग गरिरहेका छन् । आचार्यका अनुसार सुरुमा किसानको बारीबाट ल्याइएको सागलाई चार-पाँच पटक पानीमा राम्ररी धुने काम हुन्छ । धोएर सुकाउने काम हुन्छ । साग सुकेर ओभानो भइसकेपछि सागको डाँठलाई थिच्ने र थिचेको सागलाई हातैले डल्लो पारेर ५ सयदेखि १ हजार लिटरको ड्रममा खाँदेर राखिन्छ । यसरी ड्रममा खाँदेको गुन्द्रुक एक सातापछि अमिलोपन (पीएच) मापन गर्ने उनले बताए । 'हामीले उक्त गुन्द्रुकमा अमिलो नाप्छौं, खाएरै भयो कि भएन भनेर पनि राख्छौं,' आचार्यले भने, 'चाख्दा अलिअलि अमिलो भएको रहेछ भने त्यसलाई फेरि हामीले ३० किलोको सानो ड्रममा फिक्स गर्छौं । त्यो गुन्द्रुकको अमिलोपन ३.५ देखि ४.२ सम्मको भयो भनेपछि बल्ल निकालेर सुकाउने हो ।' उक्त गुन्द्रुकलाई सोलार ड्रायरमा सुकाएपछि गुन्द्रुक तयार हुन्छ । यसपछि प्याकेजिङ र ब्रान्डिङको काम सुरु हुने उनी बताउँछन् ।

*-अनलाइन खबर डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

## तानसेन नगरपालिकाको अनुरोध

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रतिक्षा सिंजाली
उप-प्रमुख

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


# बङ्गुर पालेर स्वरोजगार र आत्मनिर्भर



बङ्गुरपालन गरेका म्याग्दीका एक युवाले निरन्तर मेहनत गर्ने हो भने देशमै स्वरोजगार र आत्मनिर्भर बन्न सकिने सन्देश दिएका छन् । मङ्गला गाउँपालिका-५ हाडेभिरका २५ वर्षीय विमल सापकोटा व्यावसायिक बङ्गुरपालनबाट स्वरोजगार र आत्मनिर्भर बनेका हुन् । "कुखुरापालनमा असफल भएपछि चार वर्षअघि रु १५ लाख लगानीमा बिएनबी कृषि तथा पशुपन्छी फार्म खोलेर बङ्गुर र बाख्रापालन सुरु गरेको थिएँ", उनले भने, "कुखुरामा डुबेको थिएँ, बङ्गुर पालेर उठे ।" उनको फार्ममा हाल ५० वटा बङ्गुर र २० वटा बाख्रा छन् । मासु र पाठापाठीका लागि ल्याडरेस जातका बङ्गुर पाल्नुभएको छ । फार्ममा जमुनापारी र खरी जातका बाख्रा छन् । सापकोटाले प्रतिकिलो रु छ सयका दरले मासिक छ हजारदेखि सात हजार किलोग्राम बङ्गुरको मासु र प्रतिगोटा रु सात हजारका दरले वार्षिक तीन सय बङ्गुरका पाठापाठी बिक्री हुने बताए । मासुको बिक्री गर्न सापकोटाले मङ्गला गाउँपालिका-२ बाबियाचौरमा मासु पसल पनि सञ्चालन गरेका छन् । बाबियाचौरका साथै मुस्ताङका होटलमा बङ्गुरको मासु खपत हुने गरेको छ । फार्ममा विमलसहित परिवारका थप चार जना सदस्यले रोजगारी पाएका छन् । बुबा तारानाथ सापकोटा, आमा चित्रकला र श्रीमती सुकमायाले विमललाई बङ्गुरपालनमा सघाउँछन् । "छिमेकी र आफन्तले बाहुनले बङ्गुर पाल्न हुँदैन भनेर सुझाएका थिए", तारानाथले भने, "पहिले बङ्गुर नपाल्न सुझाव दिनेहरू अहिले व्यापार देखेर छक्क पर्छन् ।" सापकोटाको बङ्गुर फार्म व्यवस्थित र सफा छ । माउ, भाले, पाठापाठी राख्ने फरकफरक कोठा छन् । रोगबाट बचाउन फार्मको नियमित सरसफाइ गर्छन् । फार्मको फोहरलाई सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ । सो फार्ममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा जिल्लामै पहिलोपटक गत चैतमा उच्च नश्लको कम बोसो भएको अमेरिकन नश्लको शुद्ध बङ्गुरको ताजा बीर्यबाट कृत्रिम गर्भाधान गरिएको थियो । परियोजनाका साथै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द र मङ्गला गाउँपालिकाको पशु सेवा शाखाले प्राविधिक सहयोग गरेका छन् । सापकोटाको अनुभवमा महामारीजन्य रोगबाट बचाउनु बङ्गुरपालनको प्रमुख चुनौती हो । दाना आयात गरेर खुवाउनुपर्दा आम्दानीको ठूलो हिस्सा दानामा खर्च हुने गर्छ । बङ्गुरका पाठापाठी र मासुको माग बढेकाले फार्मको क्षमता विस्तार गर्ने उहाँको योजना छ । "घरव्यवहार र परिस्थितिका कारण कक्षा १० पढेपछि व्यवसायमा जोडिएको थिएँ", उनले भने, "विदेश जाने योजना बनाएको छैन । स्वदेशमै व्यवसायलाई निरन्तरता दिन्छु । बङ्गुरपालनबाट सन्तुष्ट छु ।"

*-रासस*

# उदाहरणीय बन्दै सुरौदी तिखेढुङ्गामा खरबुजाखेती



पोखरा महानगरपालिका-३३ सुरौदी खोला किनाराको तिखेढुङ्गाको करिब ३५ रोपनी जग्गामा यतिखेर लटरम्म खरबुजा फलेका देखिन्छन् । विगतमा तराई र भारतबाट बजारमा ल्याइएका खरबुजा देखेका स्थानीय आफ्नै घरखेत वरपर खरबुजा फलेको देख्दा दङ्ग छन् । महानगरपालिका-२१ कृष्तीका ज्ञानबहादुर कार्की र पोखरा-३३ भरतपोखरीका रमेश आचार्यले यहाँ खरबुजा फलाएका हुन् । उनीहरूले सरस्वती, रेड भेलरेट, फनेक्स, मान्ठाना र राजा जातका खरबुजा फलाएका छन् । यहाँ उत्पादित खरबुजा अब केही दिनमा बजारमा ल्याउने तयारी छ ।विगत लामो समयदेखि खरबुजाखेतीमा अनुभव सँगालेका कार्की र व्यावसायिक कृषिमा लगाव भएका आचार्यको यो मेहनत पछिल्लो समय अरूका लागि पनि प्रेरणाको स्रोत बनेको छ । पोखरा क्षेत्रमा खरबुजाखेतीको निकै सम्भावना रहेको र दुईजना कृषकले त्यसलाई व्यावहारिक रूपमा प्रमाणित गरेको पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाको भनाइ छ । विगतमा १०र१२ रोपनी क्षेत्रफलमा मात्रै गरिएको खरबुजाखेती यस वर्ष करिब २०० रोपनी क्षेत्रमा विस्तार गरिएको बताउँदै बीउ तथा मलचिङमा महानगरले सहयोग गरेको जानकारी दिँदै उनले बीउ तथा मलचिङमा महानगरले सहयोग गरेको बताए । महानगरपालिका-१३, २३, ३०, ३२, ३३ मा यस खेतीतर्फ आकर्षण बढिरहेको महाशाखा प्रमुख कडरियाले जानकारी दिए । "स्थानीय रूपमा उत्पादित खरबुजाको स्वाद पनि निकै मीठो छ । थोरै क्षेत्रफलमा पनि राम्रो उत्पादन लिन सकिने यो खेती आर्थिक समुन्नतिका लागि महत्वपूर्ण आधार बन्न सक्छ", उनले भने । महानगरपालिकाले पोखरामा उत्पादित सरस्वती जातको खरबुजाको 'ब्रान्डिङ' गर्न लागेको र त्यसको बजारीकरणका लागि 'स्टिकर' तयार पारिसकेको महाशाखा प्रमुख कडरियाले जानकारी दिए । नेपाली युवा रोजगारीको खोजीमा दिनानुदिन विदेसिरहेका बेला स्थानीय किसान आचार्य र कार्कीले भने आफ्नै देशमा केही गर्ने सोचका साथ काम गरिरहेका छन् । यस अवस्थामा उनीहरूको प्रयास युवाहरूका लागि अनुकरणीय बनेको छ । विगतमा करिब १४ वर्ष युरोपमा बिताएका कार्की छ वर्षयता आफ्नै ठाउँमा व्यावसायिक कृषिमा जुटेका छन् । स्पेनलगायत देशमा कृषि क्षेत्रमा हासिल गरेको अनुभवलाई उनले हाल स्वदेशी माटोमा प्रयोग गरिहेका छन् । कार्कीले कृषि क्षेत्रमा नै करिब ९०० मिटर उचाइमा रहेको स्थानमा खरबुजा फलाएका छन् । यो नयाँ प्रयोग भएको उनले बताए । व्यावसायिक कृषिमा नयाँ प्रयोग गर्दै उनले देखाएको सफलता सबैका लागि अनुकरणीय बनेको छ । कार्की अघिल्लो वर्ष राम्रो खरबुजा उत्पादक किसानका रूपमा पोखरा महानगरपालिकाबाट पुरस्कृतसमेत भएका थिए । यस्तै, स्नातकसम्मको अध्ययन गरेका भरतपोखरीका आचार्य आफ्नो १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगारीसँगै विद्युत् प्राविधिकको अनुभव सँगाल्दै हाल व्यावसायिक कृषिमा रमाइरहेका छन् । तिखेढुङ्गा बागमारा पशुपालन तथा कृषि फर्म दर्ता गरी व्यावसायिक कृषिमा लागेका आचार्यले पोखरा महानगरपालिका-३३ स्थित सुरौदीखोला तिखेढुङ्गामा पशुपालनसँगै व्यावसायिक तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन गर्दै आएका छन् । तरकारी खेतीसँगै पशुपालनमा उनले देखाएको क्रियाशीलता पनि अन्यका लागि राम्रो उदाहरण बनेको छ । "युवाहरू आफ्नै देशमा केही गर्नुपर्छ भन्नेभन्दा विदेसिने लहरमा छन् । धेरैले उत्पादनको बजार नै छैन भनेर कुरा गर्छन् तर मेहनत गरेमा उत्पादन उत्पादित कृषिजन्य वस्तुको बजार समस्या छैन । रोजगारीका लागि विदेसिनुपर्ने अवस्था छैन", आचार्यले भने ।*-रासस*

# आज आमाको मुख हेर्ने दिन, आमालाई सम्मान गरी मनाइँदै

**पाल्पा,** वैशाख १३/आज मातातीर्थ औँसी । आमाको मुख हेर्ने पर्वको रुपमा जन्मदिने आमाप्रति श्रद्धा, भक्ति र सम्मानका साथ देशभर मनाइँदैछ । वैशाख कृष्ण औँसीका दिन मनाइने यो पर्वमा बिहान स्नान गरी शुद्ध भएर आफ्नी आमालाई सुन्दर वस्त्र लगाइदिने तथा मीठा र तागतिला खानेकुरा ख्वाएर आशीर्वाद लिने चलन छ ।

आमा नभएकाहरु भने आमाको श्राद्ध गरी स्मरण गर्दछन् । यसो गरेमा मातृऋणबाट मुक्ति मिल्ने शास्त्रीय मान्यता छ । आज सामाजिक सञ्जालहरु रंगिएका छन्, आमालाई कोशेली किन्नको लागि पसल र मिठाई पसलमा केहि चहलपहल पनि थपिएको छ । छोराछोरी र नानि नातिनीहरू भेट्न जादा आमाहरु केहि खुशी देखिएका छन् । सामाजिक सञ्जालमा आमाका तस्विरहरु छन्, आमाका गुणगान छन् । शास्त्रमा बाबुभन्दा आमा दशगुणा बढी मान्य हुन्छिन् भनी व्याख्या




गरिएको पाइन्छ । 'मातृदेवो भव:' भनेर सबैभन्दा पहिले भनिन्छ, त्यसपछि मात्र 'पितृदेवो भव:यसैबाट शास्त्रले आमालाई महत्व दिएको स्पष्ट हुन्छ । जीवित अथवा दिवंगत दुवै आमाको तृप्तिका लागि आजको दिनलाई पुण्यतम पर्व मानिन्छ । भगवान विष्णुले मातृवियोगबाट विह्वल व्यक्तिलाई मातातीर्थ कुण्डमा स्नान गर्न लगाई माताको दर्शन गराएको भन्ने मान्यताका साथ हिन्दू धर्मालम्वीले मातातीर्थ औंसी मनाउने गर्दछन् । जन्म दिने आमा र जन्म भएको धर्ती स्वर्ग समान हुन् भन्ने पौराणिक मान्यता छ । स्वस्थानी व्रतकथा अनुसार यस तीर्थमा सतीदेवीको अंग पतन भइ मातुलेश्वर महादेवको उत्पत्ति भएको थियो । त्यहाँ शास्त्रीय विधिबाट गरिने कर्मकाण्डबाट मृत आमाले मोक्ष पाउने तथा सन्तानले जीवनभर सुख पाउने विश्वास गरिन्छ ।

# प्रेस चौतारी पाल्पाले बैशाख २७ गते स्थापना दिवस मनाउने

**पाल्पा,** बैशाख १३/प्रेस चौतारी नेपाल पाल्पा शाखाले यही बैंशाख २७ गते स्थापना दिवस मनाउने भएको छ । शाखाको तानसेनमा बसेको बैंठकले विभिन्न कार्यक्रम गरी स्थापना दिवस मनाउने निर्णय गरेको हो ।

शाखाले दिवसको अवसरमा माध्यमिक तह विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने, २०८२ सालमा प्रदान गर्ने चौतारी पत्रकारिता पुरस्कार प्राप्त गर्ने व्यक्तिहरुको नामावली सार्वजनिक गर्ने निर्णय गरेको छ । उसले पुरस्कारको लागि ३ सदस्यीय छनोट समिति समेत गठन गरेको छ । शाखाले मे१ बैशाख १८ गते मजदुर दिवसको दिन जिल्लाका सञ्चार मजदुरहरुलाई सम्मान गर्ने समेत निर्णय गरेको छ । बैठककमा शाखाले बार्षिक कार्ययोजना बनाएर काम गर्ने, विभिन्न समयमा चौतारी घुम्ती बैठक सञ्चालन गर्ने, सदस्यता बृद्धि गर्ने पनि निर्णय गरेको छ । बैठकमा नेकपा एमालेका जिल्ला कमिटी सदस्य एवं प्रेस चौतारी इन्चार्ज राजेश कुमार अर्यालले पत्रकारले जनताका



जीवनशैलीसँग जोडिने खोजिमुलक समाचारमा ध्यान दिई समाज परिवर्तमा केन्द्रित हुनुपर्नेमा जोड दिए । अबका दिनमा परम्परागत धारणा, विचारबाट पत्रकारिता चल्न नसक्ने भएकाले प्रविधिमा आधारित पत्रकारिताको खाँचो रहेको इन्चार्ज अर्यालले बताए । पाल्पामा धेरै विषयवस्तुका समाचारहरु ओझेलमा परेकाले पत्रकारले चनाखो भएर काम गर्न अर्यालले जोड दिए । कार्यक्रममा प्रेस चौतारी नेपालका पूर्व केन्द्रिय सदस्य एवम् प्रदेश सह-इन्चाज कमलराज तिमिल्सेनाले पत्रकारिता पेशामा नयाँ पुस्तालाई जोड्ने गरी चौतारीले अभियान चलाउन अनुरोध गरे । अहिलेका नयाँ पुस्ता पत्रकारितामा चाख नदेखाउँदा पेशा नै लोप हुने अवस्थामा पुगेको उनको भनाई छ । चौतारी लुम्बिनी प्रदेश समिति सचिव कृष्ण पोखरेलले प्रदेश समितिले जारी गरेको पत्रकार आचारसंहिता, प्रदेश समितिको बार्षिक कार्ययोजना तथा कार्यक्रमका बारेमा जानकारी गराएका थिए । चौतारीका जिल्ला अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता,उपाध्यक्ष सोवाकान्त पाठकको स्वागत र सचिव दयाराज न्यौपानेको सञ्चालनमा बैंठक भएको थियो ।

## खेलकुद समाचार

# चेन्नई हैदराबादसँग ५ विकेटले पराजित



**काठमाडौं,**वैशाख १३/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सनराइजर्स हैदराबादले चेन्नई सुपर किङ्ग्सलाई ५ विकेटले हराएको छ । शनिबार भएको खेलमा जीतका लागि एक सय ५५ रनको लक्ष्य पछ्याएको हैदराबादले १८ ओभर ४ बलमा ५ विकेट गुमाएर भेट्टायो । उसका इशान किसनले सर्वाधिक ४४ रन बनाए । चेन्नईका नुर अहमदले दुई, खलिल अहमत, अन्सुल कम बोज र रविन्द्र जडेजाले समान एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको चेन्नईले १९ ओभर ५ बलमा अलआउट हुँदै एक सय ५४ रन बनाएको थियो । उसका डिवाल्ड ब्रेभिसले सर्वाधिक ४२ रन जोडे । हैदराबादका हर्षल पटेलले चार तथा प्याट कमिन्स र जयदेव उनादकटले दुई/दुई विकेट लिए । नौ खेलमा चेन्नईको यो सातौं हार हो । चेन्नई चार अङ्कसहित पुछारमा छ । यो हारसँगै महेन्द्र सिंह धोनीको कप्तानीमा रहेको चेन्नई प्लेअफमा नपुग्ने भएको छ । हैदराबाद समान नौ खेलमा ६ अङ्कसहित तालिकाको आठौं स्थानमा उक्लिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# राष्ट्र बैंकले गर्‍यो पाँच बैंक तथा वित्तीय संस्थालाई कारवाही




**काठमाडौं,** वैशाख १३/नेपाल राष्ट्र बैंकले पाँच वित्तीय संस्थालाई कारवाही गरेको छ । राष्ट्र बैंकको निर्देशनलाई अटेर गरेका कारण तीन विकास बैंक र दुई फाइनान्स कम्पनी कारवाहीमा परेका हुन् ।

राष्ट्र बैंकले विकास बैंकतर्फ मुक्तिनाथ विकास बैंक, नारायणी डेभलपमेन्ट बैंक र सालपा विकास बैंकलाई कारवाही गरेको हो । उसले मुक्तिनाथ विकास बैंक सञ्चालक समिति अध्यक्ष भरतराज ढकालले एकीकृत निर्देशनको 'सञ्चालक समिति अध्यक्ष सञ्चालक समितिबाहेक अन्य कुनै पनि आन्तरिक समिति वा उप-समितिमा समावेश हुन पाउने छैन' व्यवस्था उल्लंघन गरेका थिए । ढकाल बैंकको भवन निर्माणका लागि बनेको 'भवन निर्माण समिति' मा सहभागी भएपछि राष्ट्र बैंकले सचेत गराएको छ । यस्तै, नारायणी डेभलपमेन्ट बैंकलाई राष्ट्र बैंकले राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा १ को खण्ड ग को व्यवस्था पालना नगर्दा कारबाहीमा परेको छ । नारायणीलाई समस्याग्रस्त संस्थाको सूचीबाट हटाउँदा दिएको पत्रमा २ वर्षभित्र तोकिएबमोजिमको चुक्तापुँजी पुऱ्याउन, चुक्ता पुँजीको शतप्रतिशतमा नबढ्ने गरी सर्वसाधारणबाट निक्षेप संकलन गर्न सक्ने सीमा कायम गर्न र प्राथमिक पुँजीको बढीमा १० प्रतिशतसम्मको सीमाभित्र एकल ग्राहक कर्जा सीमा कायम गर्न सर्त तोकिएकोमा सोहीअनुसार न्यूनतम चुक्ता पुँजी कायम नगरेको देखिएको हो ।

# पाल्पा जेसिजको भित्तेपात्रो विमोचन

**पाल्पा,** बैशाख १३/जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशिल पाल्पा जेसिजले भित्तेपात्रो विमोचन गरेको छ । 'शासन व्यक्तिको होइन विधिको हुनु पर्छ' भन्ने नारालाई आत्मसाथ गर्दै जेसिजले शनिबार एक औपचारिक कार्यक्रमका बिच २०८२ सालको भित्तेपात्रो विमोचन गरेको हो ।

उक्त भित्तेपात्रो कार्यक्रमका प्रमुख अतिथि तथा जेसिजका पूर्व अध्यक्ष एवंम तानसेन नगरपालिकाका नगर प्रमूख जेसी सन्तोषलाल श्रेष्ठ, जेसीज पाल्पाका अध्यक्ष जेसी विवेककाजी शाक्य, संस्थाका संस्थापक अध्यक्ष जेसी छत्रराज शाक्य, पूर्व अध्यक्षहरु जेसी बुद्धि प्रसाद शर्मा, जेसी हेमन्तराज शाक्य, जेसी उत्पलकुमार बज्राचार्य, जेसी राजिव श्रेष्ठ, जेसी सुनिल कुमार बस्याल लगायतले संयुक्त रुपमा




विमोचन गरेका हुन् । पात्रो विमोचन गर्दै प्रमुख अतिथि नगर प्रमुख सन्तोषलाल श्रेष्ठले जेसीजले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले आगामी दिनहरुमा पनि थप रचनात्मक कार्यमा लाग्न आग्रह गर्दै आवश्यक सहयोगका लागि नगर सरकार सधैव तयार रहेको समेत उल्लेख गरे । विशिष्ट अतिथि जेसिजका संस्थापक अध्यक्ष जेसी बुद्धि प्रसाद शर्माले विगत र अहिले जेसीज अवस्थाका बारेमा आफ्ना धारणा राखेका थिए ।

संस्थाका अध्यक्ष जेसी विवेककाजी शाक्यले जेसिजका गतिविधी क्यालेण्डरको माध्यमबाट घर-घरमा पुऱ्याउने लक्ष्यका साथ फण्डराईजिङको लागि भित्तेपात्रो प्रकाशन गरिएको बताए । सोही अवसरमा नयाँ वर्षको शुभकामना समेत आदानप्रदान गरिएको थियो । संस्थाका अध्यक्ष जेसी शाक्यको अध्यक्षता, कार्यक्रम संयोजक तथा संस्थाका कार्यकारी उपाध्यक्ष जेसी सुनिल चापागाइँको स्वागत, महासचिव जेसी गणेश पन्थीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## जन्म दर्ता गर्न आवश्यक कागजात

-आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
-सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
-स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
-घरमा जन्म भएको हकमा खोप कार्ड,
-बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई